

# विश्वासीहरूका लागि प्रतिज्ञाहरू

# विश्वासीहरूका लागि

# प्रतिज्ञाहरू

*"परमप्रभु आफ्ना परमेश्वरमाथि विश्वास गर, तब तिमीहरू स्थिर रहनेछौ...तब तिमीहरू सफल हुनेछौ" (२ इतिहास २०:२०)*।

*"अनि परमेश्वरको प्रतिज्ञाको सम्बन्धमा अविश्वास गरेर उनी लडखडाएनन्, तर परमेश्वरलाई महिमा दिँदै उनी विश्वासमा बलियो रहे; अनि उहाँले जे प्रतिज्ञा गर्नुभएको छ, सो पूरा गर्नालाई उहाँ सामर्थी हुनुहुन्छ भनी उनी पूरा निश्चयतामा रहे" (रोमी ४:२०-२१)*।

१. साँचो विश्वासीको **सुरक्षा** (यूहन्ना ५:२४; ६:३७-४०; ६:४७; १०:२७-३०; रोमी ८:१; ८:२८-३९; एफेसी १:१३-१४; ४:३०; फिलिप्पी १:६; हिब्रू ७:२५; १ यूहन्ना २:१-२; १ पत्रुस १:५; यहूदा २४-२५।

२. परमेश्वरको अटुट **वास्ता** (१ पत्रुस ५:७); परमेश्वरको महान् **विश्वासयोग्यता** (विलाप ३:२१-२३; १ कोरिन्थी १:९; हिब्रू ११:११); परमेश्वरको प्रशस्त **अनुग्रह** (२ कोरिन्थी ९:८; १२:९; यूहन्ना १:१६-१७); परमेश्वरको अनन्त **प्रेम** (यर्मिया ३१:३; यूहन्ना १३:१; रोमी ८:३५-३९); परमेश्वरको अचूक **प्रतिज्ञा** (तीतस १:२; हिब्रू ६:१८; गन्ती २३:१९; २ कोरिन्थी १:२०; रोमी ४:२०-२१; हिब्रू ११:११); परमेश्वरको निरन्तर **उपस्थिति** (हिब्रू १३:५; व्यवस्था ३१:६,८; मत्ती २८:२०); परमेश्वरको सामर्थी **सक्रियता** (फिलिप्पी २:१२-१३; एफेसी ३:२०-२१; हिब्रू

१३:२०-२१); परमेश्वरको पुग्दो **प्रबन्ध** (मत्ती ६;२५-३४; फिलिप्पी ४:१९; भजनसङ्ग्रह २३:१; ३४:१०)।

३. परमेश्वरको **शान्ति**को प्रतिज्ञा (यशैया २६:३; फिलिप्पी ४:६-७; ४:९; यूहन्ना १४:२७; १६:३३); परमेश्वरको **आनन्द**को प्रतिज्ञा (यूहन्ना १५:११; गलाती ५:२२); परमेश्वरको **विश्राम**को प्रतिज्ञा (मत्ती ११:२८-३०; हिब्रू ४:१-११); पापको **क्षमा** र **शुद्धि**को प्रतिज्ञा (१ यूहन्ना १:९; भजनसङ्ग्रह ३२:५; हितोपदेश २८:१३); **प्रार्थनाको जवाफ** पाउने कुराको प्रतिज्ञा (यूहन्ना १४:१३-१४; १५:७; १ यूहन्ना ३:२२; ५:१४-१५; मत्ती ७:७-११)।

४. आवश्यक **सामर्थ्य**का लागि प्रतिज्ञाहरू (२ कोरिन्थी १२:९-१०; फिलिप्पी ४:१३; यशैया ३०:२८-३१; यशैया ४१:१०); आवश्यक **बुद्धि**का लागि प्रतिज्ञा (याकूब १:५-७); आवश्यक **सहायता**का लागि प्रतिज्ञाहरू (हिब्रू १३:६; यशैया ४१:१०,१३); आवश्यक **सान्त्वना**का लागि प्रतिज्ञाहरू (२ कोरिन्थी १:३-५; यूहन्ना १४:१६-१८; २ थेस्सलोनिकी २:१६-१७); आवश्यक **अगुवाइ**का लागि प्रतिज्ञाहरू (हितोपदेश ३:५-६; भजनसङ्ग्रह २३:२-३); आवश्यक **विश्वास**का लागि प्रतिज्ञाहरू (रोमी १०:१७; हिब्रू अध्याय ११)।

५. **पापमाथि विजय** (रोमी ६; यूहन्ना ८:३१-३६); **परीक्षामाथि विजय** (१ कोरिन्थी १०:१३; हिब्रू २:१७-१८; ४:१५-१६); **विपत्तीहरूका बीचमा विजय** (हिब्रू १२:५-११; याकूब १:२-१२; १ पत्रुस १:६-८; ४:१९); **दुःखकष्टहरूका बीचमा विजय** (रोमी ८:१८,२८; २ कोरिन्थी १:३-४); **सांसारिक प्रणालीमाथी विजय** (१ यूहन्ना २:१७; ५:४-५); **शैतानमाथि विजय** (याकूब ४:७; १ यूहन्ना ४:४)।

६. परमेश्वरका **आज्ञाहरू पालन गरेकोमा** प्रतिज्ञाहरू (यूहन्ना १४:२१,२३; भजनसङ्ग्रह १९:११); परमेश्वरको **खोजी गरेकोमा** इनामको प्रतिज्ञा (हिब्रू ११:६; मत्ती ७:७; यर्मिया २९:१३; व्यवस्था ४:२९); **विश्वासयोग्य जीवन यापन गरेकोमा** इनामको प्रतिज्ञा (१ कोरिन्थी ३:११-१५; ४:२-५; लूका १६:९-१०); **भावी स्वर्गीय घर**को प्रतिज्ञा (१ पत्रुस १:४; प्रकाश २१:३-५; यूहन्ना १४:१-३; हिब्रू ११:१०)।

७. प्रभु येशू ख्रीष्टको **सन्निकट आगमन**को प्रतिज्ञा (यूहन्ना १४:१-३; १ थेस्सलोनिकी ४:१३-१८; १ यूहन्ना २:२८-३:३; तीतस २:१३)।

विश्वासको सरल परिभाषा: **विश्वास भनेको परमेश्वरले जे भन्नुभएको छ त्यसप्रति सठीक रूपले प्रतिक्रया देखाउनु हो।** जब परमेश्वरले कुनै आज्ञा दिनुहुन्छ तब भरोसा गर्ने विश्वासीले आज्ञापालन गर्दछ: "जब अब्राहाम त्यस ठाउँमा जानलाई बोलाइए, जुन ठाउँ उनले पछिबाट हकको सम्पत्तिको रूपमा पाउनेवाला थिए, तब उनले विश्वासैद्वारा आज्ञापालन गरे" (हिब्रू ११:८)। अब्राहामले परमेश्वरमा विश्वास गरे! उनले परमेश्वर यति महान् हुनुहुन्छ भनेर विश्वास गरे कि उहाँको आज्ञा पालन नगर्नु असोचनीय कुरो थियो!

जब परमेश्वरले कुनै प्रतिज्ञा दिनुहुन्छ, भरोसा गर्ने विश्वासीले त्यसमाथि विश्वास गर्दछ, त्यसबारेमा ऊ निश्चित हुन्छ, त्यसलाई देख्दछ, त्यसका निम्ति ऊ बाटो हेर्दछ, त्यसका लागि पर्खन्छ, त्यसमाथि अडेसिन्छ, त्यसलाई बलियो गरी पक्रन्छ र त्यसलाई अँगाल्दछ (हिब्रू ११:११,१३; ; रोमी ४:१८-२१; १०:१७; हिब्रू ४:१-२)। तपाईं परमेश्वरको वचनप्रति कस्तो प्रतिक्रिया देखाउने गर्नुहुन्छ? जब परमेश्वरले **"म यसो गर्नेछु"** भन्नुहुँदा **उहाँले साँच्चीनै त्यो गर्नुहुनेछ** भन्ने कुरामा तपाईं कत्तिको निश्चित हुनुहुन्छ? दाँज्नुहोस् प्रेरित २७:२५।

# परमेश्वरका गुणका आधारमा

**परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ** -- मेरो समस्यालाई समाधान गर्न सक्ने क्षमता उहाँसित छ (एफेसी ३:२०); उहाँले त्यसलाई समाधान गर्न सक्नुहुन्छ। उहाँको निम्ति कुनै कुरा पनि औधी कठिन हुँदैन (उत्पत्ति १८:४)। कुनै पनि समस्या उहाँको क्षमताभन्दा बाहिरको हुँदैन। **उहाँद्वारा** म सबै कुराहरू गर्न सक्नेछु (फिलिप्पी ४:१३)।

**परमेश्वर सर्वज्ञानी हुनुहुन्छ** -- मेरो समस्याको बारेमा उहाँलाई सब थाह छ। त्यतिमात्र नभएर मेरो समस्याको समाधान गर्ने उपाय समेत उहाँलाई थाह छ। साथै यस समस्याको बीचमा मैले कतिसम्म सहन सक्छु भनेर पनि उहाँलाई थाह छ (१ कोरिन्थी १०:१३)।

**परमेश्वर बुद्धिमान् हुनुहुन्छ** -- मलाई सबभन्दा बढी भलाइ कसरी हुन्छ भनेर उहाँ जान्नुहुन्छ। यसैले त उहाँले यो समस्या मेरो जीवनमा आइपर्न दिनुभयो। मेरो समस्या-समाधानको सर्वोत्तम उपाय उहाँले नै जान्नुहुन्छ (याकूब १:५)।

**परमेश्वर सर्वव्यापी हुनुहुन्छ** -- म समस्यामा परेको छु तर म एकलो छैन किनकि परमेश्वर मेरो साथमा हुनुहुन्छ; उहाँ मभित्रै हुनुहुन्छ (गलाती २:२०)। उहाँले मलाई कुनै रीतिले छोड्नुहुनेछैन, न ता मलाई कुनै रीतिले त्याग्नुहुनेछ। समस्या आइपर्दा म एकलैले समाधान गर्नुपर्छ भनेर उहाँले कहिल्यै भन्नुभएन

(प्रस्थान १४:१४)। जिउँदो परमेश्वर नै मेरा सहायक हुनुहुन्छ (हिब्रू १३:५-६; यशैया ४१:१०; मत्ती २८:२०)।

**परमेश्वर अपरिवर्तनीय** (बदली नहुने) **हुनुहुन्छ** -- जब परमेश्वरले मलाई बचाउनुभयो तब मेरो जीवनको सबभन्दा ठूलो समस्या हल भयो। अब उही परमेश्वरले त्योभन्दा सानो जुनसुकै समस्यामा पनि मलाई सहायता गर्न सक्नुहुन्छ। जुन परमेश्वरले दाऊदलाई, दनिएललाई, पावललाई र अरू धेरैजनालाई उनीहरूका समस्याहरूमा सहायता गर्नुभयो, उही परमेश्वरले मलाई पनि सहायता गर्न सक्नुहुन्छ। परमेश्वर हरहमेसा परमेश्वर नै हुनुहुन्छ भनी म मानिलिन सक्छु (हिब्रू १३:८)।

**परमेश्वर सार्वभौम हुनुहुन्छ** -- हरेक परिस्थितिको सम्पूर्ण नियन्त्रण परमेश्वरकै हातमा हुन्छ। उहाँले यो समस्या मेरो जीवनमा आउन दिनुभयो र यो पनि उहाँकै हातमा छ (रोमी ८:२८)।

**परमेश्वर विश्वासयोग्य हुनुहुन्छ** -- मेरो समस्याको समाधानको निम्ति मैले परमेश्वरमाथि भरोसा राख्दा उहाँले मलाई धोका दिनुहुनेछैन (व्यवस्था ३१:६)। उहाँका प्रतिज्ञाहरू चुक्नेछैनन्। मेरो यो परिस्थितिमा म परमेश्वरमाथि भर पर्न सक्छु (२ कोरिन्थी १:२०)। परमेश्वर पूर्ण रूपमा भरपर्दो, विश्वासीलो, वफादार हुनुहुन्छ।

**परमेश्वर सत्य हुनुहुन्छ** -- मेरो समस्याको बीचमा म परमेश्वरको वचनको प्रतिज्ञाहरूलाई दाबी गर्न सक्छु किनभने परमेश्वर झूट बोल्नुहुन्न; उहाँले झूट बोल्नै सक्नुहुन्न (तीतस १:२)। उहाँले जे भन्नुहुन्छ, त्यो उहाँले गर्नुहुन्छ। उहाँ जे बोल्नुहुन्छ, त्यो उहाँ पूरा गर्नुहुन्छ (रोमी ४:२१)।

**परमेश्वर अनन्त हुनुहुन्छ** -- अनन्तताको परिप्रेक्ष्यमा वा दाँजोमा हेर्दा मेरो समस्या सानोभन्दा सानो देखिन्छ। व्यवस्था ३३:२७ मा हेर्नुहोस्।

**परमेश्वर प्रेम हुनुहुन्छ** -- मेरो यो समस्यामा परमेश्वरले स्वयम् आफैलाई चिनाउन चाहनुहुन्छ। यस्तो कुनै समस्या छैन, त्यो जतिसुकै ठूलो किन नहोस्, जसले मलाई उहाँको प्रेमबाट अलग पार्न सक्दछ (रोमी ८:३५-३९)।

**परमेश्वर भला हुनुहुन्छ** -- मेरो समस्या र मेरो अप्ठ्यारो परिस्थितिकै बीचमा पनि परमेश्वरले मलाई उहाँको पुत्रजस्तै बनाउँदै लैजान चाहनुहुन्छ (रोमी ८:२८-२९)। जस्तोसुकै संकष्ट किन नहोस्, उहाँ भला हुनुहुन्छ भनी म उहाँको प्रशंसा गर्न सक्छु (भजनसंग्रह १०७:८,१५)।

**परमेश्वर धर्मी र न्यायी हुनुहुन्छ** -- मेरो जीवनमा यो समस्या आउन दिनुमा परमेश्वरले ठीक नै गर्नुभएको छ। परमेश्वरले कहिल्यै गलती गर्नुहुन्न।

आफ्नो दिन-दिनको जीवनमा आइपर्ने समस्याहरूका बीच तपाईं जीवित परमेश्वरलाई कत्तिको सम्झना गर्ने गर्नुहुन्छ? "जसले **तपाईंको नाम जान्दछन्** *(परमेश्वरको को हुनुहुन्छ भनी साँच्चै जान्दछन्)*, तिनीहरूले तपाईंमाथि **भरोसा** राख्नेछन्" *(भजनसङ्ग्रह ९:१०)*।



**भँगेराको वास्ता गर्ने परमेश्वरले झन् कति बढ्ता गरी तपाईंको वास्ता गर्नुहुन्छ!**

थप सामग्रीका लागि हाम्रो सम्पर्क ठेगाना:

**नारायणगढ चर्च, लायन्स चोक, भरतपुर - ३**

*info@wordoftruth.com.np*

www.wordoftruth.com.np

**९८५५०-७१३१०**